# Lucira Check It COVID-19 Test कसरी प्रयोग गर्ने

**चरण 1.** परीक्षण स्थलमा गएर यो परीक्षण किट लिएर आउनुहोस् ।

**चरण 2.** परीक्षण किटसँगै दिइएका सबै निर्देशनहरू पढ्नुहोस् ।

**चरण 3.** परीक्षण स्थलभन्दा बाहिर परीक्षण गर्नुहोस् र आफ्ना नतिजाहरू प्राप्त गर्न 30 मिनेट पर्खनुहोस् ।

**चरण 4.** नतिजाहरूका बारेमा **healthvermont.gov/reportresults** मा जानकारी गराउनुहोस् र एउटा संक्षिप्त फाराम भर्नुहोस् ।

**तपाईंले आफ्नो परीक्षणका नतिजाहरूका बारेमा जानकारी गराउनु जरुरी हुन्छ । तपाईंको जवाफ गोप्य रहन्छ ।**

**चरण 5.** तपाईंलाई आफ्नो परीक्षणका नतिजाहरूको प्रमाण आवश्यक पर्छ भने 'LUCI' टाइप गरेर 44544 मा टेक्स्ट म्यासेज पठाउनुहोस् र थप निर्देशनहरूको पालना गर्नुहोस् ।

परीक्षणसम्बन्धी अनुवादित निर्देशनहरू र निर्देशनात्मक भिडियोका लागि https://www.healthvermont.gov/covid-19/testing#testdetails मा जानुहोस् ।
[QR CODE]

Lucira Check It COVID-19 Test **2 वटा AA ब्याट्रीका** साथ आउँछ । प्रयोगपछि कृपया स्थानीय ठोस फोहोरमैला प्राधिकरणका दिशानिर्देशहरू अनुसार अर्कै कामका लागि उपयोग गर्ने वा पुन: प्रयोग गर्ने बारेमा सोचविचार गर्नुहोस् ।

Nepali

CIC Health VERMONT DEPARTMENT OF HEALTH

# धेरैजसो सोधिने प्रश्नहरू

**Lucira Check It COVID-19 Test कस्तो प्रकारको परीक्षण हो ?**

LAMP भनेको एक प्रकारको मोलिक्युलर एम्प्लिफिकेसन हो जसलाई Lucira परीक्षणमा प्रयोग गरिन्छ । प्रयोगशालामा गरिने PCR परीक्षण जस्तै Lucira परीक्षणले पनि परीक्षण चलिरहँदा SARS-CoV-2 भाइरसको आनुवंशिक तत्त्व (जेनेटिक मेटेरियल) बढाइदिन्छ । PCR र Lucira परीक्षणमा हुने एम्प्लिफिकेसन (बढ्ने कार्य) ले गर्दा मोलिक्युलर परीक्षणहरूले पोजिटिभ नमुनाहरू पत्ता लगाउन सक्छन् । परिणामस्वरूप, तुलना गर्दा Lucira को सटीकता सबैभन्दा सटीक मानिने प्रयोगशालामा गरिने PCR परीक्षणसँग तुलनायोग्य हुन्छ ।

**PCR परीक्षणको तुलनामा Lucira Check It COVID-19 Test कस्तो हुन्छ ?**

PCR र Lucira परीक्षण जस्ता मोलिक्युलर परीक्षणहरूले परीक्षण चलिरहँदा एम्प्लिफिकेसन भनिने प्रक्रियामा भाइरसको आनुवंशिक तत्त्वको प्रतिलिपि बनाउँछन् । यसले गर्दा मोलिक्युलर परीक्षणहरूमा भाइरसको थोरै मात्रा मात्र रहेको अवस्थामा पनि व्यक्ति SARS-CoV-2 भाइरस पोजिटिभ छन् कि छैनन् भनेर पत्ता लगाउन सकिन्छ ।

**LUCI Pass भनेको के हो ?**

LUCI Pass भनेको तपाईंले आफ्नो स्मार्टफोनमा सजिलैसँग नि:शुल्क, डिजिटल रूपमा प्रमाणित Lucira परीक्षणको नतिजा प्राप्त गर्न सक्ने Lucira उत्पादन हो । परीक्षण गरिसकेपछि हाम्रो सुरक्षित LUCI पोर्टल प्रयोग गर्न तपाईंले आफ्नो फोनबाट “LUCI” टाइप गरेर 44544 मा टेक्स्ट म्यासेज पठाउनुपर्ने हुन्छ वा luci.lucirahealth.com मा जानुपर्ने हुन्छ र त्यसपछि तपाईंले आफ्नो नतिजा पेस गर्नका लागि केही चरणहरूको पालना गर्नुपर्ने हुन्छ ।

**मेरो परीक्षणको नतिजा पोजिटिभ आएमा के गर्ने ?**

तपाईंको परीक्षणको नतिजा पोजिटिभ आयो भने यस कार्डको अर्को भागमा भएको लिङ्कमार्फत आफ्ना नतिजाहरूका बारेमा जानकारी गराउन नबिर्सनुहोस् । थप दिशानिर्देशका लागि, कृपया यहाँ जानुहोस्:
**healthvermont.gov/covid19positive**

**Lucira COVID-19 Test का बारेमा थप जान्न यहाँ जानुहोस्:**
checkit.lucirahealth.com